# आर्थिक वर्ष २०८१/०८२ को
# आय तथा व्ययको अनुमान
# बजेट वक्तव्य

**आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**
**२०८१**

**नगर सभाको बैठकमा मिति २०८१ साल असार १० गते विहिबार  नगर उप प्रमुख श्री धनकुमारी शाहीद्वारा प्रस्तुत**

# आर्थिक वर्ष २०८१/०८२ को

# बजेट वक्तव्य

**आठविसकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम),**
**कर्णाली प्रदेश, नेपाल**
**२०८१**

## प्रारम्भ

1. समाजवाद उन्मुख कार्यक्रम मार्फत आठविसकोट नगरपालिकाको सामाजिक र भौतिक विकास गर्न सकिने विश्वासका साथ आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१) अनुसार यस गरिमामय नगर सभा समक्ष नगर उप प्रमुखको हैसियतले नगरपालिकाको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको कार्यान्वयनको रुपमा रहेको यो बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भइरहेको छ।
2. यस अवसरमा सर्वप्रथम नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता, धर्म निरपेक्षता र सामाजिक न्यायका लागि भएका विभिन्न ऐतिहासिक संघर्षहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरुको स्मरण गर्दै उहाँहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। घाइते, अपाङ्गता र वेपत्ता योद्धा तथा सहिद परिवारजन प्रति उच्च सम्मान प्रकट गर्दछु। नेपालको राजनैतिक परिवर्तनको आन्दोलनमा अहं भुमिका खेल्ने आम जनसमुदाय र नेतृत्व वर्गमा उच्च सम्मान व्यक्त गर्दै योगदानको कदर गर्दछु।
3. यही मिति २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भइ गएको भूकम्पमा परी ज्यान गुमाउने सबैमा हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु। भूकम्पमा परी घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। राहत उद्दार र पुनर्स्थापना कार्यमा सहयोग गर्ने सबै मनकारी महानुभावलाई हार्दिक धन्यवाद दिन चाहन्छु।
4. संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी त्यसको लाभ प्रत्येक नगरवासीसम्म पुऱ्याउने हाम्रो दायित्व पूरा गर्दै भुकम्प पश्चातको पुनर्स्थापना तथा पुनर्निर्माण, आर्थिक, सामाजिक संरचनाको विकास, उत्पादनमा बृद्धि, उद्धमशीलताको विकास गर्दै समाजवादको आधार तयार गर्ने दिशातर्फ आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम लक्षित गरेको छु।
5. यो बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, नेपाल सरकारको १६ औं आवधिक योजना, कर्णाली प्रदेशको दोस्रो आवधिक योजनाको अवधारणापत्र, दिगो विकासका लक्ष्यहरु, आठविसकोट नगरपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०८१ को सिद्वान्त, उद्देश्य, प्राथमिकता, प्रमुख नीतिहरु, नगरवासी, विभिन्न संघसंस्था, नगर सभाका वहाल तथा पूर्व सदस्य, राजनैतिक दल तथा तिनका भातृसंङ्गठनहरुबाट प्राप्त प्रमुख सुझावहरुलाई बजेट तथा कार्यक्रमको मार्गदर्शन र प्रमुख आधार बनाएको छु।

**सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्यज्यूहरु ,**

6. अब म, आठविसकोट नगरपालिकाको चालु आ.व. २०८०/०८१ को खर्च प्रगतिको संक्षिप्त समीक्षा प्रस्तुत गर्दछु।

7. चालु आ.व. २०८०/८१ मा रू. ६४ करोड ९९ लाख ३५ हजार ४ सय ५४ विनियोजन गरिएकोमा हालसम्म स्रोतगत शिर्षक र क्षेत्रगत कार्यक्रममा जम्मा खर्च रु ४४ करोड ६८ लाख ५३ हजार ८ सय ३७ रुपैया १९ पैसा मात्र अर्थात ६८.७५ प्रतिशत खर्च भएको छ। जसमा चालुतर्फ ४७ करोड ७६ लाख ३० हजार २ सय १८ अर्थात ७३.४८ प्रतिशत विनियोजन गरिएकोमा ३३ करोड ०७ लाख ९५ हजार १ सय ३२ रुपैया ४० पैसा अर्थात ६९.२५ प्रतिशत खर्च भएको छ। पूँजीगत तर्फ १७ करोड २३ लाख ०५ हजार २ सय ३६ रुपैया अर्थात २६.५२ प्रतिशत विनियोजन गरिएकोमा हालसम्म ११ करोड ६० लाख ५८ हजार ०७ सय ०४ रुपैया ७९ पैसा अर्थात ६७.३५ प्रतिशत खर्च गरिएको छ। जस अन्तर्गत क्षेत्रगत हिसावले आर्थिक विकासमा २ करोड १९ लाख २१ हजार विनियोजन गरिएकोमा १ करोड ०१ लाख ६० हजार ०१ सय २३ रुपैया अर्थात ४६.३५ प्रतिशत मात्र खर्च गरिएको छ। त्यसै गरी पूर्वाधार विकास तर्फ १४ करोड ९२ लाख ९९ हजार ०७ सय ३६ रुपैया विनियोजन गरिएकोमा १० करोड ०१ लाख ५३ हजार ६ सय २३ रुपैया ७९ पैसा अर्थात ६७.०८ प्रतिशत खर्च भएको छ। त्यस्तै गरी सामाजिक विकास तर्फ २८ करोड ७६ लाख ५३ हजार ५ सय विनियोजन गरिएकोमा २० करोड ०२ लाख ६७ हजार ४ सय ७० रुपैया ९० पैसा अर्थात ६९.६२ प्रतिशत खर्च भएको छ। त्यस्तै गरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ ३५ लाख ०५ हजार विनियोजन गरिएकोमा ८ लाख ४८ हजार ०२ रुपैया अर्थात २३.८८ प्रतिशत मात्र खर्च भएको छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १८ करोड ७५ लाख ११ हजार ०२ सय १८ रुपैया विनियोजन गरिएकोमा १३ करोड १० लाख ५९ हजार ०५ सय ११ रुपैया २० पैसा अर्थात ६९.८९ प्रतिशत मात्र खर्च भएको छ।
8. यस्तै गरी चालु आ.व. मा नगरपालिकाको आन्तरिक राजश्व संकलन २ करोड ८५ लाख मात्र हुने अनुमान गरिएकोमा रु २ करोड ४२ लाख ५६ हजार ०२ सय १९ रुपैया ९२ पैसा अर्थात ८५.११ प्रतिशत राजश्व संकलन भएको छ। चालू आ.व. को अन्त्यसम्ममा सत प्रतिशत राजश्व संकलन हुने अनुमान गरेको छु।
9. चालु आर्थिक वर्षमा संघीय सरकारबाट राजश्व बाँडफाँट वापत रु १३ करोड ६८ लाख २२ हजार प्राप्त हुने अनुमान गरिएकोमा रु ९ करोड ८९ लाख ४८ हजार ४ सय ६५ रुपैया ०२ पैसा अर्थात ७३.९४ प्रतिशत मात्र प्राप्त भएको छ। यसै गरी संघीय सरकारबाट समानीकरण अनुदान अन्तर्गत १० करोड ८० लाख प्राप्त हुने अनुमान भएकोमा चालुआ.व.मा ०७ करोड ९४ लाख ४३ हजार ०७ सय ५० रुपैया मात्रै प्राप्त भएको छ। यसरी संघीय सरकारबाट अनुमान भन्दा करिब १०.६५ प्रतिशत बजेट कम प्राप्त हुनुका कारण नगरपालिका क्षेत्रमा सञ्चालन/कार्यान्वयन भएका विकास आयोजनजाहरुमा दिइने भुक्तानी प्रभावित भएको आवस्था छ।
10. चालु आर्थिक वर्षको अन्त्यसम्ममा कूल विनियोजित बजेटमध्ये प्राप्त हुने बजेटको कुल खर्च ९१ प्रतिशत हुने अनुमान लिएको छु। जसमा चालू तर्फ ९२ प्रतिशत र पूँजीगत तर्फ ९० प्रतिशत खर्च हुने अनुमान गरेको छु।
11. खाद्य, पोषण सुरक्षा र आयआर्जनमा सेवा पुर्याउने कार्यक्रमहरु जस्तै करेसा वारीको स्थापना, मौसमी र वेमौसमी तरकारीको मिनिकिट वितरण, विभिन्न वर्षे र हिउदे फलफुलको विरुवा वितरण गरिएको छ।

12. ४०० जना घरधुरी कृषकहरुलाई व्यसायिक रुपमा फलफुल खेती र ५० जनालाई कृषकहरुलाई व्यवसायिक मौरीपालन गर्न लगाई कृषि पेशालाई व्यवसायिकरण गर्न प्रयत्न गरिएको छ।

13. गुणस्तरीय वीउको नियमित आपुर्तिको लागि कृषकहरुको मागको आधारमा धान,गहु र मकै उन्नत वीउ वितरण र तरकारी र खाध्यान्नको वीउ उत्पादनमा जोड दिइएको छ।

14. यस आठविसकोट नगरपालिका स्थापना हुनु भन्दा पहिले यो पालिका क्षेत्रमा एउटा मात्र पशु सेवा केन्द्र मार्फत सेवा संचालन गरी एक जना पशु सेवा प्राविधिक र एक जना कार्यालय सहयोगी भरमा साविकको जिल्ला पशु सेवा कार्यालयको मातहतमा रही थोरै मात्रामा औषधी ल्याएर सेवा प्रवाह गर्ने गरिकोमा हाल १४ वटै वडाहरुमा १७ जना प्राविधिक मार्फत पशु उपचार सेवा संचालन गरिएको छ।

15. यस आठविसकोट नगरपालिकामा मासुमा आत्मनिर्भर बन्नको लागी वडा नं. ४,५,६,७,११ र १२ मा बाख्रा पकेट विकास कार्यक्रम संचालन गरी सामूहिक रुपमा बाख्रा विकास कार्यक्रम संचालन गरिएको छ।

16. यस आठविसकोट नगरपालिकामा दुधमा आत्मनिर्भर बन्नको लागी वडा नं. ५,८,९ र १४ मा भैसी पकेट विकास कार्यक्रम संचालन गरी सामूहिक रुपमा भैसी विकास कार्यक्राम संचालन गरिएको छ।

17. आ.ब. २०७५/०७६ देखि कृषक प्रोत्साहन कार्यक्रम संचालन गरी प्रत्येक वर्ष कृषकलाई प्रोहत्साहन स्वरुप नगद पुरस्कार वितरण गर्ने गरिएको छ ।

18. पशु किसानहरुको जटिलतालाई कम गरी ठिमाह बच्चा उत्पादन गर्नको लागि भेडा,बाख्रा,गाई र भैंसीमा कृतिम गर्भाधारण प्रक्रिया संचालन गरिएको छ।

19. मासुजन्य उत्पादनलाई बढाउन किसानहरुलाई प्रोत्साहन गर्नको लागि यस पालिकाको वडा नं. २,३, १० र १३ मा बाख्रा विकास कार्यक्रम र वडा नं. १ र २ मा भेडा विकास कार्यक्रम सञ्चालन गरिएको छ।

20. यस नगरपालिका स्थापना हुनुभन्दा पहिला यस क्षेत्रको शिक्षामा अति न्युन संख्यामा मात्र विद्यार्थीको विद्यालयमा पहुँच थियो भने नगरपालिका स्थापना पश्चात उल्लेखनीय संख्यामा विधार्थीहरुको पहुँच पुगेको छ। नगरपालिका स्थापना पश्चात पालिकामा २९ वटा विद्यालय र १११ वटा कक्षाकोठा निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन भने १३ वटा भवन निर्माण सम्पन्न भएर सञ्चालनमा आउनै थालेका छन् भने केहि निमार्णको प्रक्रियामा रहेका छन। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री सहिद स्मृति दिपज्योती नमुना माद्यामिक विद्यालयमा ४ कोठे, श्री जनजागरण मा.वि.गाउँबारीमा २ कोठे, श्री जनज्योती आधारभुत विद्यालयमा २ कोठे ,श्री सरस्वती आधारभुत विद्यालय मिग्रीमा ४ कोठे , श्री सरस्वती आधारभूत विद्यालय मैँडाडामा २ कोठे, श्री जन विकास मा.वि. २ कोठे ,आधारभूत विद्यालय घाँटीगौरामा २ कोठे, दलित आधारभूत विद्यालयमा २ कोठे भवनहरु निर्माण भई सञ्चालनको प्रक्रियमा रहेका छन।

21. आर्थिक वर्ष २०७८/०७९ देखि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउदै कार्यक्रम यस नगरपालिकाको श्री ज्ञानोदय माद्यामिक विद्यालयबाट सुरु भई हाल अन्य विद्यालयमा पनि सञ्चालन हुने प्रक्रियामा रहेको छ । जसमा विद्यालयले तरकारी खेति तथा पशुपन्छी पालन सुरु गरेको फलस्वरुप बालबालिकाहरु आफुले प्राप्त गरेको ज्ञानलाई सीपसँग जोडी व्यवसायिक भएर आत्मनिर्भर हुनेमा विश्वस्त

हुन सकिन्छ । भौगोलिक रुपमा विकट रहेकाले बालबालिकाहरुलाई शिक्षाको मौलिक हक प्रदान गरी शिक्षामा पहुँच पुर्याउन विद्यालयहरुको संख्या हाल ६५ वटा रहेका छन । जसमा १८ वटा मा.वि.,२१ वटा नि.मा.वि. र ४८ वटा प्रा.वि तहका छन् तथा विद्यालय बाहिर छुट्टै बालबिकास केन्द्र ६ वटा , विशेष शिक्षा स्रोत कक्षा र ५ वटा सामुदायीक अध्ययन केन्द्र रहेका छन ।

22. यस नगरपालिकामा स्थायी शिक्षक दरवन्दी संख्या मा.वि.मा ५ जना र मा.वि.राहत १० जना र उ मा.वि.४ जना गरी जम्मा १९ जना रहेका छन । नि.मा.वि मा स्थायी १० जना ,अस्थायी २ जना ,राहत १७ जना र अनुदान ११ जना गरी जम्मा ३० जना रहेका छन । प्रा.वि. तहमा स्थायी ७३ जना ,अस्थायी ६ जना ,राहत ३५ जना गरी जम्मा ११४ जना शिक्षक रहेका छन । यस नगरपालिकामा शिक्षक दरबन्दी न्युन रहेकाले विद्यालय संचालन गर्न कठिनाई भएको हुँदा हाल नगरपालिकाबाट करार शिक्षक दरबन्दी कायम गरी शिक्षण सिकाई क्रियाकलापमा सहज बनाएको छ । आ.व.२०८०/०८१ को शैक्षिक अनुगमन प्रतिवेदन अनुसार यस नगरपालिका भित्र ११३२९ जना विद्यार्थीको शिक्षामा पहुँच पुगेको छ । करार शिक्षक दरबन्दी संख्या मा.वि.तहमा २४ जना, नि.मा.वि. तहमा ५९ जना प्रा.वि.तहमा ३२ र बालबिकास तहमा ३३ जना गरी जम्मा १४८ जना नगर करार शिक्षक कार्यरत रहेका छन ।

23. मिति २०८०/०७/१७ गते राति जाजरकोट जिल्लाको रामिडाँडा केन्द्रविन्दु भई गएको भुकम्पको कारण यस आठविकोट नगरपालिकामा ९८४४ जना विद्यार्थीहरु प्रभावित भएका छन । प्रभावित विद्यालयका कक्षा कोठाहरु २२५ रहेका छन । तत्काल कक्षा कोठाको समस्यालाई न्युनिकरण गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुबाट प्रभावित विद्यायलहरुमा टि.एल.सी. टाइप वान १३९, टि.एलसी. टाइप टु २२ वटा निर्माण भै सकेको र १० वटा निर्माणको प्रक्रियामा , अस्थायी शौचालय ३६ निर्माण गरी संचालनमा ल्याइएको छ । प्रभावित भएका २८ वटा विद्यालयका शिक्षकहरुलाई मनोपरामर्श तालिम दिइएको छ । प्रभावित विद्यालयका विद्यार्थीहरुलाई जुनियर विद्यार्थी किट १११७ ,सिनियर विद्यार्थी किट ३६२ , इ.सि.डि किट ५२, शिक्षक किट ७७ सेट वितरण गरिएको छ । भुकम्पबाट क्षति भएका विद्यालयमा १४४१ सेट नयाँ पाठ्यपुस्तक वितरण गरिएको छ । नगरपालिकामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारहरुको अभाव, भौगोलिक विकटता, सुचना प्रविधिको अप्रर्याप्तता, शिक्षक दरवन्दीको अभाव, गरिबी, वेरोजगारी, जनचेतनाको कमी लगायतका समस्या नगरपालिकाका आशातित उपलब्धिका वाधक हुन । तथापि यस नगरपालिकाले हालसम्म गरेका प्रयास र उपलब्धिहरुलाई केलाएर हेर्दा भविष्यमा यस नगरपालिकाबाट राज्यका विभिन्न क्षेत्रमा योगदान गर्न सक्ने दक्ष जनशक्ति तयार हुने आधार खडा भएको दावी गर्न सकिन्छ

24. स्वास्थ्य बिषयको संवेदनशीलतालाई बुझेर आठविसकोट नगरपालिकाले यसलाई पहिलो प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तय गर्ने गरेको छ । आठविसकोट नगरपालिका स्थापना हुनुपूर्व आठविसकोट नगरपालिकामा ५ वटा स्वास्थ्य चौकी र जम्मा जम्मी २१ जना मात्र स्वास्थ्यकर्मी रहेका थिए । ती स्वास्थ्य संस्थाहरुको कमजोर व्यवस्थापन थियो र आम जनताको पहुच बाहिर रहेका थिए र ती संस्थाहरुले जनताको आधारभूत स्वास्थ्य आवश्यकता धान्न सक्ने स्थिति थिएन । भौगोलिक विकटता, समाजमा व्याप्त

अन्धविश्वास तथा स्वास्थ्य सम्बन्धी गलत धारणा र व्यवहारको कारण आम नगरबासी बर्षेनी सरुवा रोगको महामारीले आक्रान्त हुने गर्थे । नगरपालिका स्थापना भएपश्चात स्वास्थ्य क्षेत्रलाई दोस्रो प्राथमिकतामा राखेर पहिलो कार्यकालमा नगरपालिकाले ५ वटा स्वास्थ्य संस्थालाई विस्तार गरी २४ वटा संस्था बनाएको थियो। ९ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, नगर अस्पताल आदिको भौतिक पूर्वाधार निर्माण भई सञ्चालनमा रहेको छन्। गोतामकोट स्वास्थ्यचौकी, स्यालाखदी स्वास्थ्य चौकी, घेत्मा स्वास्थ्य चौकी र नगर अस्पतालमा गरी जम्मा चारवटा संस्थामा बर्थिंग सेवा सुचारु गरिएको छ। डेंङ्गों लगाएत किटजन्य रोग नियन्त्रणका लागि बजार क्षेत्रमा सरसफाई कार्यक्रम संचालन गरिएको छ। आठविसकोट नगर अस्पतालमा सुरक्षित गर्भपन सेवा सुचारु गरिएको छ। स्वास्थ्य कार्यक्रमको बार्षिक प्रतिबेदन तयार गरिएको छ। स्वास्थ्य क्षेत्रको सुचकको आधारमा जिल्ला भित्रका ६ वटा पालिका मध्येमा उष्कृष्ट पालिका छनौट समेत भएको छ ।

25. सबै वडाहरुमा महिला हिंसा ,वालविबाह तथा जातिय भेदभाव न्यूनिकरण सम्बन्धी सडक नाटक प्रर्दशन, महिला तथा अपाङ्गका लागि रेडियो आवाज कार्यक्रम सञ्चालन गरिएको छ भने नगरपालिकाको केन्द्रमा जेष्ठ नागरिक आवास गृह निर्माण गरिएको छ। ,विभिन्न धार्मिक क्षेत्रको विकास र संरक्षणका लागि मन्दिर र चर्च व्यवस्थापन गरिएको छ। सहिद परिवारहरुलाई सम्मान तथा सामग्री वितरण गरिएको छ।

26. स्थानीय सरकारको पहिलो कार्यकाल शुरु हुँदैगर्दा नगरपालिका पूर्वाधार विकासको हिसावले प्रारम्भिक अवस्थामा थियो। राडीज्युला सम्म हिउदमा नदुवाबाट मात्र मोटर बाटोको पहुँच थियो। घेत्मा, ज्यामिरकोट, डाँडाडाउ, गोईरी, स्यानीबार्खु, ठूली बार्खु, दाजे, डाफे, खदि, स्याला आदि दर्जनौं गाँउहरुमा मोटरबाटो थिएन। खोला, नालाहरुमा पुलपुलेसाको निकै गम्भिर समस्या थियो। नगर कार्यपालिकाले बिगतका ७ वर्षमा भौतिक पूर्वाधार निर्माणको कामलाई निकै महत्वका साथ अगाडि बढाएको देखिन्छ। स्थानीय तहको पहिलो कार्यकालको अन्तिमसम्म आईपुग्दा साबिकको घेत्मा, आठविसडाँडागाउ र आठविसकोटका सबै जसो मुख्य गाउँ तथा बस्तीमा मात्र मोटर बाटो पुगेकोमा गुम्जा, लाम्पुछर , खापे, फलाँटे ,ढुंगिला जस्ता कुना-कन्दराका बस्तीहरुमा समेत मोटर बाटोको प्रारम्भिक ट्र्याक खोल्ने काम सम्पन्न भएका छन् । तुलनात्मक रुपमा दुर्गम मानिएको साविक स्यालाखदीमा पर्ने वार्ड नं. १, २ र ३ का मुख्य गाउँसम्म मोटर बाटो पुगि यातायातका साधनहरु समेत पुगी सकेको अवस्था छ। र बाँकी सबै गाउँमा आगामी आर्थिक वर्षको अन्त सम्ममा मोटरबाटो पुग्ने गरी ठेक्का ब्यवस्थापन भै निर्माण कार्य जारी रहेको छ। पाटागाउँमा समेत आगामी आर्थिक वर्षमा मोटर पुर्याउने गरी बजेट ब्यवस्थापनको पहल भईरहेको छ। साबिक गोतामकोटको छिमि, होलीकाँडा बाहेक सबैजसो गाउँमा मोटर बाटो पुगेको छ।

27. रिम्ना-चिसापानी सडक खण्ड राष्ट्रिय राजमार्ग अन्तर्गत पर्ने भएकोले त्यसको स्तरोन्नतिको लागि ठेक्का ब्यवस्थापन मार्फत कालो पत्रे भइ कार्य सम्पन्न हुने चरणमा छ । चिसापानी- राडी -नदुवा -मुसिकोट सडक खण्ड प्रदेश सडक अन्तर्गत रहेको र उक्त सडकको स्तरोन्नती गर्न यस नगर कार्यपालिकाले गरेको बिशेष अनुरोध अनुसार प्रदेशले चिसापानी- राडी- गिजा खण्डको कालोपत्रेको ठेक्का ब्यवस्थापन समेत भै निर्माण

कार्य शुरु भएको छ। नरखोला पिपलचौरमा यसै आर्थिक वर्षमा मोटरपुल निर्माण कार्य अन्तिम चरणमा हुने गरी काम संञ्चालन भएको छ। दाँजे- खदि सडकको घट्टेखोला चोवाखोला खण्डको बहुबर्षीय ठेक्का ब्यवस्थापनको कार्य हुदैछ।

28. हालसम्म १० वटा झोलुंगे पुल तथा ६ वटा ट्रस पुल गरि १६ पुल एवं ५ वटा आर.सी.सी. पुल गरि जम्मा १८वटा पुल निर्माण सम्पन्न भएका छन्।

29. यसरी हालसम्म यस नगरमा करिब २४० कि.मि. सडकको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ। जुन नेपालगंज देखि आठबिसकोट पुग्ने बाटोको हाराहारीमा हो। २० वटा पुल निर्माण सम्पन्न हुदैछन्। नगर अस्पतालको भवन निर्माण भइ संचालनमा आएको छ भने अर्को भवन निर्माण प्रकृयामा रहेको छ। शहिद नमूना मा वि को भवन निर्माण कार्य सम्पन्न भइसकेको भने नगरपालिकाको प्रशासकीय भवन टेन्डर भइ तीव्रतर रुपमा निर्माण प्रकृयमा अगाडि बढेको छ। राडी बजार तथा खदीमा ढलनिकासको केही व्यवस्था भएको छ। जनता आवास कार्यक्रममार्फत अति विपन्न घरपरिवारका ४४ घर निर्माण प्रकृयामा रहेका छन्। राडीज्यूला बजार क्षेत्रको ढल तथा बाटोको स्तोरोन्नती गरी कालोपात्रे समेत गर्नका लागि शहरी विकास मार्फत निर्माण कार्य अगाडि बढेको छ। सडक तथा पुलका पूर्वाधारमा भएको यी कामहरुले ग्रामीण जीवनलाई विस्तारै सहज बनाउदैछ।

30. प्रदेश तथा संघीय सरकारसंगको समन्वयमा होली,चिला,अनाह, चोवाखोला, भेरीखोला,सालागार खोला, गैरीचौर, चौर लगायतका दर्जन बढी सिंचाई योजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन्। पिपलचौर सिचाई योजना निर्माण सम्पन्न भई सकेको छ। नगरपालिकाभित्र गोतामकोट बृहत खानेपानी तथा सिंचाई योजना, धागेछरी खानेपानी योजना तथा प्रत्येक वडामा दर्जनौ साना सिचाई योजनाहरु कार्यान्वयनमा रहेका छन्। **एक घर एक धारा** अन्तर्गत १४ वटैका बस्तीहरुमा आयोजनाहरु अगाडी बढेका छन्। सुधारीएको चुलो, भान्साघर सुधार आदि जस्ता सरसफाईका योजनाहरु अगाडि बढाईएको छ। वास प्लान(WASH Plan)निर्माण गरी कार्यान्वयनको चरणमा रहेको छ।

31. पहिलो स्थानीय तहको निर्वाचन अगाडि गोतामकोटको केहि भाग र घारीखोलाको गाउँमा मात्र विद्युत ब्यवस्था थियो। नगरपालिकाको केन्द्र राडी बजार लगायत सबै गाउँहरु अन्धकार नै थिए। नगरपालिकाको केन्द्रमा मोवाईल चार्ज गर्ने स्थिति नै थिएन। नगरपालिका स्थापना भए लगत्तै हाम्रो आफ्नै श्रोतले गिजागाड तथा बुदबुदेखोला विद्युतगृह निर्माण गरि संचालनमा ल्याइएको थियो। बैकल्पीक ऊर्जामार्फत निर्माणको थालनी भई सम्पन्न हुन नसकेका खारखाराखोला र सालागाड खोलाको विद्युतमा नगरपालिकाको थप लगानीमा संचालनमा ल्याइएको थियो। जसले नगरपालिकाको मुख्य केन्द्र र आसपासमा बिधुतिकरण गर्न संभव भयो। नगरपालिकाका विकट क्षेत्रहरु, जलविद्युत उत्पादन र वितरणको सम्भावना नभएका ठाउहरुका घर, विद्यालय, अस्पतालहरुमा वैकल्पिक उर्जाको रुपमा **तीन हजार** थान सौर्य विद्युत प्रणाली वितरण गरियो। हाल केन्द्रिय विद्युत लाईन यस नगरपालिकाको १ र २ नं वडा बाहेक अन्य लगभग सबै वडामा पुगि सकेको

छ र वाँकी ठाँउमा पनि काम तिव्र गतिमा अगाडि बढेको छ । नगर कार्यपालिकाको यही कार्यकाल भित्र नगरका सबै गाउँ-वस्तीमा केन्द्रिय विद्युत लाईनको विस्तार हुदैछ ।

32. आज हाम्रो सामु सूचना संचारका कठिनाइहरु छन् । स्थानीय तहको पहिलो निर्वाचन अगाडि सूचना संचारको अवस्था अझ कहाली लाग्दो थियो । पहिलो कार्यपालिकाको कार्यकालमा आठबिसकोट टावरको नाममा जाजरकोटको गरालामा नयाँ टावर निर्माण गरी संचालनमा ल्याईएको छ । जुन टावरको निर्माण र संचालनले गोतामकोट तथा भगवतीमा रहेको टावरको क्षमताबृद्धि गर्न मद्दत गर्यो र गोतामकोट, खदि र स्यालाको फोन सेवामा सुधार ल्यायो । गोतामकोटको नयाँडाँडा तथा घेत्मामा ठूला टावरहरु निर्माण सम्पन्न भै संचालनमा आएका छन । नेटीलेख टावरको नाममा वार्ड नं.१ को थुममा टावर निर्माण भइ संचालनमा आएको छ । घेत्माको टावरमा विद्युत आपूर्तिको ब्यवस्था गरि पूर्ण क्षमतामा चलाउने प्रयास अन्तिम चरणमा पुग्दैछ । राडीज्युलासम्मको लागि फोर जी र अप्टीकल फाईवरको लाईन विस्तारको कार्य सम्पन्न भई संञ्चालनमा रहेको छ ।

**सभाध्यक्ष महोदय तथा नगर सभाका सदस्य ज्यूहरु,**

***अब म, आठविसकोट नगरपालिकाको विद्यमान अवस्थाको यथार्थ अवस्था प्रस्तुत गर्दछु:***

33. यस नगरपालिकाले रुकुम (पश्चिम) जिल्लाको करिब ४६ प्रतिशत भू-भाग ओगटेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको औषत जनघनत्व ६९ जना प्रति वर्ग किलोमिटर रहेको छ । कर्णाली प्रदेशको औषत जनघनत्वको हाराहारीमा रहेको छ ।

34. यस नगरपालिकाका करिव ४० प्रतिशत नगरवासी अझै पनि गरिवीको रेखामुनि रहेका छन् । यो दर कर्णाली प्रदेशकै बराबरीमा रहेको छ । पालिकामा गरिवी, कुपोषण, बेरोजगारी, लैङ्गिक तथा घरेलू हिंसा, सामाजिक विभेद तथा जातिय छुवाछुत जस्ता सामाजिक समस्याहरु पनि विद्यमान रहेका छन् ।

35. भौगोलिक रुपमा कर्णाली प्रदेशकै सबैभन्दा ठूलो यो नगरपालिका भौगोलिक तथा जैविक विविधताले भरिपूर्ण रहेको छ । नगरपालिकामा जलस्रोत, वन जंगल र जडिबुटी प्रशस्त मात्रामा पाइन्छ । यी प्राकृतिक श्रोतहरुको समुचित र योजनाबद्ध प्रयोगबाट समाजवाद उन्मुख सम्वृद्धि प्राप्त गर्न सकिने प्रचुर संभावना रहेको छ । यस नगरपालिकामा फलफूल खेती तथा पशुपालनको पनि राम्रो सम्भावना रहेको छ ।

36. मानव विकास सूचकाङ्कका हिसावले यो नगरपालिका धैरै पछाडि परेको छ । उत्पादकत्व, वचत, मानव विकास सुचकाङ्क, औसत आयु, प्रतिव्यक्ति आय आदि सबै सूचकहरुमा यो नगरपालिका देशको औसत अवस्था भन्दा न्युन छ । भौगोलिक विकटताले मानव विकास सुचकाङ्कमा सुधार गर्न थप कठिनाई व्यहोरी रहनुपरेको छ ।

37. नगरपालिकाको माथि उल्लिखित विद्यमान अवस्थाहरुका बाबजुद पनि सिमित स्रोत साधन प्रयोग गरी असिमित आवश्यक्ताहरु उच्च मनोबलका साथ जनताको एकता, श्रम, उत्पादन र संघर्षको नेतृत्त्व गर्दै नगरपालिकाको आर्थिक सम्बृद्धि सहितको समाजवादको जग खडा गर्न सकिने विश्वास लिएको छु ।

**सभाअध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८१।८२ को वजेटका मुख्य उदेश्यहरु प्रस्तुत गर्दछुः**

38. आर्थिक समृद्धि सहितको समाजवाद उन्मुख आर्थिक तथा सामाजिक क्रियाकलाप मार्फत समाजवादको आधार खडा गर्ने यस बजेटका मुख्य लक्ष्य हासिल गर्न देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरेको छु ।

(क) परम्परागत कृषि पेसालाई व्यवसायीकरण गर्दै कृषि उत्पादनमा जोड दिने र खाद्यान्न तथा फलफूलमा आत्मनिर्भर भइ निर्यातमुखी बनाउने ।

(ख) कृषि, उद्योग, खनिज, वन तथा वातावरण लगायतका क्षेत्रको उत्पादन र उत्पादत्व वृद्धि गरी खाद्य अधिकार, खाद्य सम्प्रभुता सहितको खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने, साथै ती क्षेत्रबाट रोजगारी एवम् स्वरोजगार सृजना गरी स्थानीय समुदायको आयआर्जन वृद्धि गर्ने ।

(ग) शिक्षा प्रणालीको समग्र सुधार गर्दै शिक्षामा गुणस्तरीयता कायम गरी उत्पादनशील तथा सुसंस्कारयुक्त नागरिक निर्माण गर्ने ।

(घ) स्वास्थ्य सेवालाई गुणस्तरीय, भरपर्दो, विश्वासिलो र सर्वसुलभ बनाउने ।

(ङ) नीजि तथा सार्वजनिक संरचनाहरुको पुनर्निर्माण गर्ने तथा सार्वजनिक यातायातको व्यवस्था गरी जनताको आर्थिक तथा सामाजिक गतिविधिलाई सहज र तीव्र बनाउने ।

(च) सामाजिक समावेशीकरण, सुरक्षा, सद्भाव र सहिष्णुता सहित आम सामाजिक, साँस्कृतिक रुपान्तरणको प्रक्रियालाई तीव्र बनाउने ।

(छ) नगरपालिका क्षेत्रभित्र हरप्रकारका प्राकृतिक तथा मानव सिर्जित विपद्हरुको सामना गर्न सक्ने क्षमता विकास गर्ने ।

39. बजेटका यी उल्लेखित उद्देश्यहरु प्राप्त गर्न मैले यस वर्ष भुकम्प पछिको पुनः निर्माण, कृषि तथा पशुपालन, शिक्षा, स्वास्थ्य, रोजगारी, सुचना तथा सञ्चार क्षेत्रलाई मुख्यत: क्षेत्रगत तथा कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

**सभाअध्यक्ष महोदय तथा नगर सभाका सदस्य ज्यूहरु,**

40. यी उल्लिखित उद्देश्य र प्राथमिकताहरुलाई कार्यान्वयन गर्न देहाय बमोजिम क्षेत्रगत बजेट विनियोजन गरेको छु ।

**(क) भुकम्प पछिको पुनःनिर्माण**

41. जाजरकोट भुकम्पले क्षतिग्रस्त नीजि तथा सार्वजनिक संरचनाहरुको पुनःनिर्माण कार्य संघ प्रदेश र विभिन्न दातृ निकायहरुको सहयोग समन्वयमा अभियानकै रुपमा अगाडि बढाउने व्यवस्था मिलाएको छु ।

42. **सुरक्षित आवास निर्माण नगरबासीको योगदान** भन्ने नीतिलाई कार्यान्वय गर्न नगरपालिका भित्रका युवाहरुलाई पुनः निर्माण विशेष तालिमको व्यवस्था गरी भुकम्प प्रतिरोधी संरचना वनाउन प्रयत्न गर्ने व्यवस्था मिलाएको छु ।

**(ख) कृषि तथा पशुपालन**

43. धान, गहुँ, मकै, तरकारी र मसला बालिहरुको वीउविजन उत्पादन वृद्धि गर्न उत्पादन वृहत पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्दै उत्पादनमा सहभागी इच्छुक कृषक, कृषि फर्म, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारीसँग प्रदेश र संघीय सरकारको सहकार्यमा पकेट, ब्लक विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
44. "आठविसकोटको कृषि उत्पादन, कृषकहरुलाई प्रोत्साहन" भन्ने मान्यताका साथ आठविसकोटका कृषि पेशामा संग्लग्न कृषक, कृषि फर्म,कृषक समूह, कम्पनी र सहकारीलाई उत्पादन परिमाणका आधारमा सङ्कलन, ढुवानी तथा बजारीकरणमा प्रोत्साहनको व्यवस्था गरेको छु ।
45. "एक टोल एक सामुहिक उत्पादन, एक वडा एक विशेष उत्पादन" नीतिको कार्यान्वयन गर्दै यस नगरपलिकाका कृषकहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन पहल गरिएकोछ ।
46. कृषि र पशु सेवाको कामकाज जनताको घर नजिकवाट प्रदान गर्नको लागि आठविसकोट नगरपालिका आर्थिक विकास शाखा अन्तर्गत स्थापित आधारभुत कृषि तथा पशु सेवा केन्द्र सुविधा सम्पन्न गराउनको लागि आवश्यक सामाग्री र प्राविधिकहरुको दक्षता र क्षमतामा अभिवृद्धि गर्ने व्यवस्था मिलाएकोछु ।
47. "आफु खाऔ, आफ्नो सन्ततिको लागि पनि बचाउ " भन्ने मान्यताका साथ यस आठविसकोट नगरपालिकामा रैथाने वाली कोदोको भण्डारण र संरक्षण गर्नको लागि एक खाद्य भण्डार गृहको स्थापना गर्ने व्यवस्था मिलाएकोछु ।
48. कृषिको दिगो विकासको लागि धान,गहुँ,मकै,तरकारी र मसला वालीहरुको वीज वृद्धि गर्ने तथा उत्पादन वृहत क्षेत्र पकेट विकास कार्यक्रम सञ्चालन गर्दै उत्पादनमा सहभागि इच्छुक कृषक, कृषि फर्म, कृषि उद्यमी, कृषक समूह सहकारीमा प्रदेश र संघीय सरकारको सहकार्यमा पकेट, व्लक विकास कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।
49. कृषि उत्पादनमा हुने जोखिम न्युनिकरण गर्नको लागि असिना, रोग, किराबाट वालीनालिमा हुने आकस्मिक क्षतिको सम्बोधन, अनुदान कार्यक्रममा विमा अनिवार्य गर्ने र सवै कृषिजन्य उत्पादनमा वीमा गर्ने व्यवस्था मिलाएकोछु ।
50. कृषकहरुलाई सम्मान र कृषि पेशालाई मर्यादित वनाउनको लागि उत्कृष्ट कृषक, समुह र सहकारीलाई मे**यर उत्कृष्ट कृषि पुरस्कार** तथा किसान सूचीकरण प्रणालीमा आवद्ध गर्ने व्यवस्था गरिएकोछ ।

51. **"प्राङ्गारिक उत्पादनमा वृद्धि आठविसकोट नगरपालिकाको समृद्धि"** भन्ने नाराको साथ प्राङ्गारिक मल, गोठेमल, जैविक विषादि उत्पादनमा तालिम तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएकोछु ।

52. **"उत्पादन र उत्पादकत्वमा वृद्धि, कृषिमा समृद्धि"** भन्ने मुल मान्यताका साथ खाद्यान्न वाली ,तरकारीको वीउ प्रतिस्थापन दरमा वृद्धि गर्नको लागि उन्नत वीउ, मूल वीउ, तरकारीको वीउ तथा फलफुलको विरुवा वितरणमा ७५ प्रतिशत अनुदान दिने व्यवस्था मिलाएकोछु । कृषकहरुले उत्पादन गरेको कृषि वस्तुलाई बजारीकरणको सहजताको लागि न्युनतम समर्थन मूल्य तोकी बजार मूल्यमा एकरुपता ल्याउन हाट बजार संचालन गर्ने व्यवस्था मिलाएको छु ।

53. संघ र प्रदेशको समन्वयमा घुम्ती कृषि प्राविधिक सहयोग कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

54. "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" अन्तरगत **समृद्ध आठविसकोट सुखारी आठविसकोटवासी** बनाउन कृषि पशुपालन कार्यलाई व्यवसायीकरण गर्न प्रोत्साहन गरिने व्यवस्था मिलाएको छु ।

55. पशुपालन व्यवसायलाई व्यवसायिककरण, आधुनिकिकरण, विविधकरण, यान्त्रिकरण गरी आयात प्रतिस्थापन गर्ने, आत्मनिर्भर बनाउदै खसी बोका, लोकल कुखुरा र दुग्धजन्य पदार्थको निर्यात दर बढाउन , रोजगारी स्थापना गर्ने, पशुपालनलाई सम्मानित पेशाको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु ।

56. पशु सेवा केन्द्रमा कल सेन्टर (टोल फ्रि सेवा) स्थापना गरी कृषकको खोर गोठमा पशु सेवा प्राविधिकहरुलाई सक्रिय बनाई पशु सेवा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

57. पालिकाका सबै घरघरमा उपचार सेवा पुर्याउनको लागी एक वडा एक पशु सेवा प्राविधिक रहने व्यवस्था भइसकेको सन्दर्भमा ती प्राविधिकहरुको क्षमता अभिवृद्धी तालिमको व्यवस्था गरी कृषकको खोरगोठमा गई उपचार सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

58. पशु पंछी श्रोत केन्द्रको रुपमा विकास गर्न पशुपन्छी तथा पशुपन्छी जन्य दुध, अण्डा, मासुको उत्पादनमा वृद्धि गर्दै पशुपालन पकेट क्षेत्रको स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

59. व्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन, पुराना फार्मको सुरक्षा तथा नयाँ फार्मको स्थापना र विस्तारमा उत्प्रेरित गर्न **नगर प्रमुख युवा लक्षित फार्म प्रबर्द्धन कार्यक्रम**लाई (बाख्रा, भैसी,माछा, कुखुरा र बंगुर) निरन्तरता र नयाँ विस्तार गर्दै लिने व्यवस्था मिलाएको छु ।

60. पशु पन्छीमा फैलिने माहामारी रोगहरुको उपचारका लागी तत्काल आवश्यक औषधि सहित पशु स्वास्थ्य प्राविधिकहरुलाई परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

61. पशु आहारा सुधार गर्न तथा उत्पादन लागत कम गराउन स्थानीय स्तरमा दाना बनाई प्रयोग गराउने घाँस खेती, घाँसको श्रोत विस्तार गर्न घाँसको नर्सरी व्यवस्थापन जस्ता कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

62. देशैभरी फैलिएको रेविज रोग नियन्त्रण गर्नको लागी बाहै महिना प्रर्याप्त मात्रामा रेविज खोप उपलब्ध हुने व्यवस्था मिलाएको छु ।

63.हाल गाई/भैसीमा माहामारीको रुपमा फैलिएको लम्पी स्किन रोग, भेडाबाख्रा लाग्ने पि.पि.आर. रोग , खोरेत रोग र कुखुरामा लाग्ने रोगको लागी खोपहरु उपलब्ध गराइने व्यवस्था मिलाएको छु।

64.गत बर्षमा माहामारीको रुपमा फैलिएको लम्पी स्किन रोगले गाई गोरु क्षेत विच्छेद भएको हुनाले लोकल गाई पालन गर्न प्रेरित गर्ने व्यवस्था मिलाएको छु।

65.पशु विमा कार्यक्रम प्रभावकारी रुपमा लागु गर्न ५०% अनुदानको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

66.कृषकको घर दैलोमा गएर गाई/भैसी र भेडा/बाख्रामा कृत्रिम गर्भधारण गराउने र गर्भ परिक्षण गर्ने व्यवस्था मिलाएको छु।

67. दुधमा आत्मनिर्भर बन्नको लागी प्रजनन् साँढे/ राँगा खरिद तथा कृत्रिम गर्भाधान सेवालाई प्राथमिकता दिदै मासुमा आत्मनिर्भर बनाउन बाख्रा र कुखुरा विकास कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

68.कृषकले उत्पादन गरेको आधारमा कृषकलाई प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाएको छु।

69.कृषि तथा पशु सेवा भवन निर्माणको लागी जग्गा खरिद तथा भवन निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु।

70.वन्य जन्तु संरक्षणको लागी चोरी सिकारी नियन्त्रण गरी पानीको श्रोत नभएको स्थानमा पोखरी निर्माण गर्ने व्यवस्था मिलाएको छु।

71.विशिष्ट जातका पंछी पालन (कालिज,लौकाट र टर्की) कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

72.पशुपालक कृषकलाई व्यवसायिक बनाउन पालिका स्तर तथा स्थलगत रुपमा तालिम दिने व्यवस्था मिलाएको छु।

73. कृषि तथा पशुपालन सम्बन्धी उल्लेखित कार्यक्रम संचालन गर्न रु १ करोड ८० लाख ७८ हजार विनियोजन गरेको छु।

**(ग) शिक्षा, युवा तथा खेलकूद**

74.भुकम्प पश्चात बालबालिकाको सिकाइ निरन्तरताका लागि विद्यालयमा पठन पाठनको उचित वातावरण बनाउने प्रक्रिया शुरु भइसकेको छ। यसको लागि अस्थाइ सिकाइ केन्द्र निर्माण, सिकाइ आपुरण तथा द्रुत सिकाइ कार्यक्रम, मनोसामाजिक परामर्श कार्यक्रम र विपत पुर्वतयारी योजना निर्माण गर्ने व्यवस्था मिलाइएको छ।

75.विद्यालय शिक्षाको आधारको रुपमा रहेको प्रारम्भिक बालविकास केन्द्रलाई स्रोत साधनयुक्त बनाउन आवश्यक पर्ने सम्पुर्ण सिकाइ सामाग्रीको व्यवस्था गरिएको छ।

76.विद्यालयमा विद्यार्थीलाई ल्याउने, सिकाउने, टिकाउने वातावरण सृजना गर्न विपन्न छात्रवृति कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

77.हरेक सामुदायिक विद्यालयका शिक्षण सिकाइलाइ प्रविधिमैत्री बनाउन सबै विद्यालयहरुमा विद्युत र आइ. सि.टी .ल्याब स्थापना गर्ने व्यवस्था मिलाएको छु।

78.हरेक विद्यालयलाई  पुर्वाधारयुक्त विद्यालय बनाउने कार्यमा जोड दिइ सिकाइमा गुणस्तर सुनिश्चित हुने व्यवस्था मिलाएको छु । जसको लागि विद्यालय समायोजन कार्यलाई वस्तुगत ,व्यवहारिक बनाइ कार्यान्वयनमा ल्याइनेछ।

79.विद्यालयको पठन पाठन कार्य योजनावद्ध रुपमा सञ्चालन गर्न स्पष्ट मापदण्ड निर्माण गरिनेछ। जसको लागि हरेक विद्यालयमा पाठयक्रम, शिक्षक निर्देशिका, पाठयोजना आदिका आधारमा पठन –पाठन कार्य सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

80.सामुदायिक विद्यालयमा अभिभावकको सक्रिय सहभागिताको सुनिश्चितता गरिनेछ । जसको लागि अभिभावक शिक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाएको छु।

81. प्रतिस्पर्धाबाट प्रधानाध्यापकको नियुक्ति गर्ने व्यवस्था मिलाएको छु।

82.गरिब तथा जेहेन्दार विद्यार्थीको उच्च शिक्षा सम्म पहुचको लागि छात्रवृतिको व्यवस्था मिलाएको छु। जसका लागि रु ८ लाख विनियोजन गरेको छु।

83.विद्यालय शिक्षक तथा कर्मचारीको  पेशागत क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिएको छ।

84.पढदै कमाउदै कार्यक्रमलाइ हरेक माध्यमिक विद्यालयमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।

85.दिवा खाजा कार्यक्रमलाइ थप प्रभावकारी बनाउन स्थानीय स्तरमा उत्पादित खाद्यवस्तु खरिद गरी विद्यालयमा दिवा खाजा खुवाउने व्यवस्था मिलाइएको छ।

86.आठविसकोट नगरपालिकाको भौगोलिक,सामाजिक,सांस्कृतिक,ऐतिहासिक क्षेत्रको चिनारीको लागि बनेको"**मेरो आठविसकोट"** लाई परिमार्जन सहित निशुल्क पाठयपुस्तकको रुपमा वितरण गर्ने  व्यवस्था मिलाइएको छ।

87.विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि नियमित रुपमा  अनुगमन मुल्याङ्कन र प्रतिवेदन गर्ने व्यवस्था मिलाइएको छ।

88. विकास निर्माणमा युवा वर्गलाई परिचालन गर्ने व्यवस्था मिलाएको छु।

89. विभिन्न प्रकारका खेलकूदहरुको विकास गर्न र उत्कृष्ट खेलाडी उत्पादन गर्न प्रतियोगितात्मक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

90. नगर उपप्रमुख छोरी बुहारी छात्रवृत्ती कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु। जसको लागि ३ लाख विनियोजन गरेको छु।

91. यसरी शिक्षा युवा तथा खेलकूद क्षेत्रमा उल्लेखित कार्यक्रम गर्न रु.  १८ करोड ८३ लाख ५७ हजार रकम विनियोजन गरेको छु।

**(घ)  स्वास्थ्य, खानेपानी तथा सरसफाई**

92.संघीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार नगरपालिका वासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह हुने व्यवस्था मिलाएको छु ।

93.नगरपालिका अस्पताल, स्वास्थ्य चौकीहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु तथा शहरी स्वास्थ्य इकाइबाट प्रदान गरिदै आएका स्वास्थ्यसेवाहरुलाई थप प्रभावकारी, गुणस्तरीय बनाउन र औषधी उपकणको अभाव हुन नदिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

94.भूकम्पको कारणले क्षतिग्रस्त स्वास्थ्य संस्थाको पुनःनिर्माणका लागि आवश्यक बजेट स्थानीय स्रोत, संघीय सरकार, प्रदेश सरकार र दातृ निकायसँगको समन्वयमा सुनिश्चत गरिएको छ ।

95.आठविसकोट नगर अस्पतालमा आकस्मिक स्वास्थ्य सेवा, सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा, बहिरंग सेवा, अन्तरंग सेवा पुनर्स्थापना सेवा र आँखा उपचार सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउन अत्यावश्यक पर्ने श्रोत र जनशक्तिको ब्यवस्था गरिएको छ ।

96.आठविसकोट नगर अस्पतालबाट विशेषज्ञ सेवा दिनका निम्ति (Telemedicine) दुर चिकित्सा सेवालाई थप ब्यवस्थित गर्दै निरन्तरता दिने व्यवस्था मिलाइएको छ ।

97.आठविसकोट नगर अस्पतालमा दन्त सेवा, पोष्टमार्टम (Postmortem) सेवा विस्तार गर्नका लागि आवश्यक प्रवन्ध मिलाइएको छ ।

98.स्वास्थ्यका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाका साथै दातृ निकायहरुसंग समन्वय गरी स्वास्थ्य क्षेत्रमा स्रोतको ब्यवस्थापन गर्न पहल गरिने छ ।

99.आठविसकोट नगरपालिकामा स्वास्थ्य अनुसन्धान कार्यलाई प्राथमिकता दिदै दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन,स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाइएको छ ।

100. अति विपन्न, सिमान्तकृत तथा पछाडि परेका समुदायका गर्भवती, प्रसुती तथा ४२ दिनभित्रका सुत्केरी अवस्थामा जटिल समस्या भएका महिलाहरुको प्रेषण व्यवस्थापन गर्न पालिका भरी नि.शुल्क एम्वुलेन्स सेवा प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ । जसको निम्ति आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

101. प्रसुती केन्द्रमा सुत्केरी हुन आउने आमाहरुलाई उचित खानपान सहितको सुत्केरी आमा घर कार्यक्रमलाई निरन्तरता दिइने छ । घरमा प्रसुती हुने कार्यलाइ निरुत्साहित (Zero Home delivery) गरी स्वास्थ्य संस्थामा प्रसुति गराउने महिलाहरूको प्रतिशतमा बृद्धि गर्न प्रसुति केन्द्रहरूलाई ब्यवस्थित र प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु ।

102. स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाई मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितिमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहन प्रदान गर्ने ब्यवस्था मिलाएको छु ।

103. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक, प्रर्वद्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई संघ र प्रदेशसँगको समन्वय तथा सहकार्यमा जनताको सहज पहुँचमा पुर्याउने व्यवस्था मिलाएको छु ।

104. विद्यालयमा विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँच गर्ने र किशोर किशोरीहरुलाई उचित परामर्श दिने व्यवस्था मिलाएको छु ।

105. स्वास्थ्य संस्थाहरुमा क्रमश बालमैत्री, पोषणमैत्री, किशोरकिशोरी तथा अपाङगता मैत्री लगायतका सेवा क्रमशः विस्तार गरिनेछ । जोखिममा रहेका र वञ्चितिकरणमा परेका जनताको स्वास्थ्य सम्बन्धी विशेष आवश्यकता पूरा गरी उनीहरूको स्वास्थ्य सेवा माथिको समतायुक्त पहुँच एवम् उपयोग सुनिश्चित गर्न लक्षित कार्यक्रम गर्ने व्यवस्था मिलाएको छु ।

106. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई प्रभावकारी बनाउन थप प्रोत्साहनको व्यवस्था मिलाएको छु ।

107. महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन आकस्मिक योजना बनाई कार्यान्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोपको व्यवस्थापन गर्न पालिका स्तरमा कोष स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

108. उच्च रक्तचाप, क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौला लगायतका नसर्ने रोगको पहिचान, परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु ।

109. क्षयकुष्ठ रोग मुक्त पालिका घोषणा गर्न आवश्यक क्रियाकलाप संचालन गर्ने व्यवस्था मिलाएको छु ।

110. नसर्ने रोग, सडक दुर्घटना तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य वस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसन लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापनका लागि प्रोत्साहन गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

111. स्वास्थ्य बीमा कार्यक्रममा आम नागरिकहरूलाई आवद्ध गरी सुलभ स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । रोजगारीमा रहेका व्यक्तिका घरपरिवारलाई अनिवार्य स्वास्थ्य विमा कार्यक्रममा जोडिने छ भने द्वन्द प्रभावित तथा विपन्न परिवारका नागरिकलाई निःशुल्क स्वास्थ्य विमामा आवद्ध गराउने कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

112. स्वास्थ्य सुचना प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाटै अनलाइन माध्यमबाट प्रतिवेदन प्रविष्ट गर्ने, तथ्यांकको गुणस्तर सुधारको लागि नियमित तथ्यांक गुणस्तर परिक्षण (RDQA) र स्वास्थ्य कार्यक्रमहरूको (वार्षिक, अर्धवार्षिक र त्रैमासिक) समीक्षा गर्ने व्यवस्था मिलाइएको छ ।

113. न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिएको छ ।

114. परम्परागत तथा वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धन गर्दै नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गर्ने व्यवस्था मिलाएको छु ।

115. प्रचलित कानुन बमोजिम पूर्व स्वीकृती लिई गैर सरकारी वा निजी क्षेत्रको लगानी तथा स्वामित्वमा संचालन भएका संस्था वा क्लिनिकलाई आवश्यक नियमन गर्ने व्यवस्था मिलाएको छु ।

116. नयाँ जलस्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको संरक्षण तथा मर्मत सम्भार गरी सबै वडाहरुमा (एक घर एक धारा ) सुरक्षित र शुद्ध खानेपानी आपूर्ति सुनिश्चित गरिने व्यवस्था मिलाएको छु ।

117. स्थानीय समुदायलाई खानेपानी र स्वच्छता कार्यक्रमहरुमा सक्रिय सहभागिताका लागि प्रोत्साहित गर्ने र खानेपानी र सरसफाई सम्बन्धी जनचेतना कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छु ।

118. पूर्ण सरसफाई युक्त टोल तथा वडा घोषणा कार्यक्रम प्राथमिकताका साथ संचालन गर्ने व्यवस्था मिलाएको छु ।

119. यसरी स्वास्थ्य खानेपानी र सरसफाई सम्बन्धी उल्लेखित क्रियाकलाप गर्न रु. १० करोड ४४ लाख ७ हजार रकम विनियोजन गरेको छु ।

**(ङ) पूर्वाधार**

120. नगरपालिकाको गौरबको आयोजनाको रुपमा विकास गर्न राडी, दाजे, खदी बारङ्गे सडक निर्माणको लागि प्रदेश र संघीय सरकारसँग आवश्यक पहल गरिएको छ । साथै मोटर बाटो पुग्न नसकेका पाँटागाउँ, पहाडा, छिमी लगाएतका दुर्गमका वस्तीहरुमा मोटर बाटो पुर्याउने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

121. सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउन आफ्नै भवन नभएका वडा कार्यालय र अन्य सरकारी संरचनाको भवन निर्माण कार्य क्रमशः अगाडि बढाउने व्यवस्था मिलाएको छु ।

122. नगरपालिकाका विभिन्न क्षेत्रमा सार्वजनिक महत्वका भौतिक संचरचना जस्तै खेलमैदान सार्वजनिक सौचालय प्रतिक्षालय निर्माण गर्ने व्यवस्था मिलाएको छु ।

123. गत आर्थिक वर्षहरुमा जस्तै यस आर्थिक वर्षमा पनि **फुसको छानामुक्त** कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

124. नगरपालिकामा शहिदहरुको सम्झना स्वरुप **शहिद स्मृति प्रतिष्ठान भवन** निर्माण कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु । प्रतिष्ठानको लागि आवश्यक पर्ने जग्गा खरिद गर्न रु १० लाख विनियोजन गरेको छु ।

125. विपन्न घर परिवारलाई आवासको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

126. खारखारा, झिन्चौर, कालाखोला, जलिगार दाङ, साजेबगर, साइकुमारी लगायतका ठाउँमा मोटरेवल पुल निर्माणका लागि पहल गरिएको छ ।

127. फोहरमैला व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार भएको आधारमा ल्याण्डफिल्ड साइट निर्माणको प्रक्रिया थाल्ने व्यवस्था मिलाएको छु ।

128. क्रमशः सामुदायिक तथा महिला भवन निर्माण कार्यलाई निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

129. पालिकास्तरमा सुविधा सम्पन्न कभर्ड हल निर्माण गर्न आवश्यक पहल गरिएको छ ।

130. नगरपालिका क्षेत्रमा सञ्चालन हुने हरेक आयोजनाहरुमा जनसहभागिता बनाउन योजना प्रभावित क्षेत्रका वासिन्दालाई अनिवार्य श्रमदानमा सहभागि गराइनेछ । श्रम कार्यविधि बनाई सबै जनप्रतिनिधी र आम जनसमुदाय परिचालन हुनेगरी  हरेक महिनाको एक दिन अनिवार्य श्रमदानमा सहभागी हुने प्रवन्ध गरेको छु ।

131. **नगपालिकाको रिम्ना- चिसापानी, चिसापानी- राडी- घारीखोला, राडीज्यूला बजार क्षेत्र र गोतामकोटमा** सडक कालोपत्रे गर्ने कार्यको गुणस्तरता कायम राख्न निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाएको छु ।

132. मनसुनजन्य विपद र अन्य जोखिमलाई मध्यनजर गर्दै क्रमशः एकीकृत बस्ती विकास कार्यक्रम लागु गर्दै जाने व्यवस्था मिलाएको  छु ।

133. यसरी पूर्वाधारसँग सम्बन्धित आयोजना संचालन गर्न रु. १३ करोड ४६ लाख १४ हजार रकम विनियोजन गरेको छु ।

**(च) समावेशीकरण**

134. जुनसुकै किसिमका महिला हिंसा विरुद्ध कठोर कदम चालिनेछ। महिला हिंसाको प्रमुख कारणको रुपमा रहेका पितृसत्तात्मक सोच, अशिक्षा, गरीबी,अभाब, अन्धविश्वास, पछौटेपन हटाउन विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

135. संविधानले मौलिक हकको रुपमा सुनिश्चत गरेका महिला, दलित, जनजाति, अपाङ्गता , बालबालिका ,विपन्न वर्ग सँग सम्बन्धित अधिकारको कार्यान्वयन गर्न विशेष कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

136. लैङ्गिक समानता तथा महिला सशक्तिकरण लैङ्गिक मुलप्रबाहिकरण र सहभागिता बृद्धि गर्ने नीतिलाइ प्रोत्साहन गरिनेछ । सञ्चालित आयोजना तथा कार्यक्रममा समावेशी प्रतिनिधित्व हुने व्यवस्था मिलाएको छु ।

137. असल सामाजिक मुल्य मान्यताको संरक्षण एवं सम्वद्धन गरिनेछ । बालबिबाह गर्ने गराउने दुबैलाइ कानुनको कठघरामा उभ्याइनेछ । बालविबाह ,बहुविबाह ,दाइजो, बोक्सीको आरोप ,छुवाछुत एवं अन्य सामाजिक कुरीति अन्त्य गर्न विशेष सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

138. लक्षित वर्ग क्षेत्र एवं समुदायलाई सशक्तिकरण गर्ने  व्यवसायिक एवं सीपमुलक तालिमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

139. समाजमा कुसंस्कारको रुपमा रहेको बालबिबाहलाइ न्युनिकरण गर्न चेतानामुलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

140. नगरपालिकालाइ बालमैत्री बनाउन बालबालिका सम्बन्धी  ऐन २०७५ र बालमैत्री स्थानिय शासन कार्यान्वयन निर्देशिका २०७८ ले व्यवस्था गरेअनुरुपका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

141. टुहुरा अनाथ एवं संरक्षण विहिन बालबालिकालाइ बैकल्पिक संरक्षणका लागि उचित व्यवस्थापन गर्ने प्रवन्ध मिलाएको छु।

142. औपचारिक तथा अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सुचिकृत गर्न स्थानीय सरकारले सहयोगदान गर्ने व्यवस्था मिलाएको छु। जसका लागि रु ५ लाख विनियोजन गरेको छु।

143. भुकम्प पछि हुने पुन निर्माणमा सबै व्यक्तिगत तथा सरकारी भौतिक संरचना समावेसीमैत्री बनाउन आवश्यक कानूनको प्रवन्ध गर्ने व्यवस्था मिलाएको छु।

144. महिला सशक्तिकरणका लागि प्रत्येक टोल तथा वडामा महिला समुह एवं समिति गठन गरि नगरपालिकामा सुचिकृत गर्न आवश्यक कार्यविधि बनाई कार्यान्वयन गरिनेछ। सुचिकृत सबै समुहलाई अनुशिक्षण तालिम र वडामा रहेका महिलालाई समितिमा आवद्ध गरि आयआर्जन सम्बन्धि तालिम दिने व्यवस्था मिलाएको छु ।

145. अपाङ्गता भएका व्यक्तिलाई सीपमुलक एवं व्यवसायिक तालिम मार्फत रोजगारीमा जोड्ने व्यवस्था मिलाएको छु।

146. लैगिक तथा घरेलु हिंसा न्युनिकरणा गर्न चेतनामुलक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

147. घरेलु हिंसा तथा लैंगिक विभेदिकरणमा परेका महिलाहरुलाई मनोपरामर्ष सेवा प्रदान गर्न सेभ हाउस संचालन गर्ने व्यवस्था मिलाएको छु। जसका लागि रु ३ लाख विनियोजन गरेको छु।

148. आफ्नै सन्तानबाट अपहेलित र घृणित भई दुरव्यवहारले जोखिममा रहेका ज्येष्ठ नागरिकलाई सम्मानपुर्वक वातावरणमा जिउने अवस्था सुनिश्चित गर्न अन्तरपुस्ता सीप हस्तान्तरण लगाएतका चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

149. समावेशीकरणसँग सम्बन्धित क्रियाकलाप संचालन गर्न रु. १८ लाख ९० हजार रकम विनियोजन गरेको छु।

**(छ) सहकारी, उद्धमशीलता र रोजगार**

150. आठविसकोट नगरपालिका भित्र कार्यक्षेत्र भई सञ्चालनमा रहेका ६८ वटा सहकारी संस्थाहरुको प्रर्वद्धन,प्रशिक्षण तथा विकास गरिनेछ। समस्याग्रस्त तथा निष्कृय सहकारी संस्थाहरुलाई कानुनी प्रकृया पुरा गरी खारेजी, एकिकरण तथा विघठन गर्ने व्यवस्था मिलाएको छु।

151. सहकारी पद्दति नै समाजबादको आधार विन्दु भएकाले सहकारी मार्फत कार्य गर्ने शैलीको अभ्यास गर्ने व्यवस्था मिलाएको छु।

152. सीप विकास, उद्यमशिलता विकास, आय आर्जन तथा स्वरोजगारका कार्यक्रमहरु एकद्वार प्रणाली अन्तरगत सञ्चालन हुने व्यवस्था मिलाएको छु।

153. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको जिविकोपार्जनमा सुधार ल्याउनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने प्रवन्ध गरेको छु।

154. आर्थिक तथा वित्तिय साक्षरता सम्वन्धी अभिमुखिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छ।

155. एक गाउँ एक उत्पादन तथा एक घर एक रोजगार नीति कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ।

156. उद्योग तथा ब्यवसायमा महिला तथा युवाको सहभागिता बढाउनका लागि बिशेष कार्यक्रम लागु गर्ने व्यवस्था मिलाएको छ।

157. घरेलु तथा साना उद्योगको विकास तथा विस्तारका लागि विविध कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छ।

158. पालिकामा रहेका सीपयुक्त जनशक्ती तथा बिशेष सीपको चाहना भएका ब्यक्तीको तथ्यांक संकलन गरि सोही बमोजिमका कार्यक्रमहरु लागु गर्ने व्यवस्था मिलाएको छ।

159. हाल पालिकाभित्र सञ्चालनमा रहेका उद्योग तथा ब्यवसायको क्षमता विकास गर्ने अभिप्रायले माग तथा आवश्यकता आधारमा प्रविधिमा अनुदान दिने कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छ।

160. महिला उद्यमीद्धारा उत्पादित वस्तु तथा सेवाको प्रवर्द्धनका लागि स्थानीय सीप कला साहित्य संस्कृति संग सम्बन्धित सीपमा आधारित (कृष्टल गहना चुरा पोते/मसला उत्पादन उद्योग,जुस उत्पादन उद्योग,जुत्ता तथा चप्पल उद्योग) सिप विकास तालिम सन्चालन गर्ने व्यवस्था मिलाएको छ।

161. व्यवसायिक फर्म, पसल दर्ता, अनुमति नबिकरण तथा खारेजीको व्यवस्था सहज रुपमा हुने व्यवस्था मिलाएको छ।

162. गाँउ तथा समाजमा उद्यमशिल संस्कृतीको विकास गर्न तथा गराउनका लागि सचेतना मुलक उद्यमशिलता विकास तालिम संचालन गर्ने व्यवस्था मिलाएको छ।

163. श्रमको लागि विदेसिने युवा वर्गको माग तथा आवश्यकता अनुसारका सीप विकास तालिम संचालन गर्ने व्यवस्था मिलाएको छ।

164. सहकारी संस्थाहरुमार्फत घरेलु तथा साना उद्योग संचालन गर्न आवश्यक प्रवन्ध मिलाएको छ।

165. उत्कृष्ट व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाएको छ।

166. स्थानीय उत्पादनको प्रचार प्रसार प्रवर्द्धन तथा बजारिकरणका लागि मेला महोत्सव संचालन गर्ने व्यवस्था मिलाएको छ।

167. युवासँग नगर प्रमुख स्वरोजगार कार्यक्रम संचालन गरिने छ। जसको लागि रु ७ लाख विनियोजन गरेको छ।

168. सहकारी, उद्धमशीलता र रोजगारसँग सम्बन्धित कार्यक्रम संचालन गर्न रु. १ करोड ४९ लाख ५४ हजार रकम विनियोजन गरेको छ।

**(ज) वन, जडिबुटी, सिचाई तथा जलविद्युत**

169. **दिगो बन समृद्ध जीवन** भन्ने मूल नारालाई साकार पार्न म्याद गुज्रिएका सामुदायिक बन उपभोक्ता समिति पुनर्गठन गरी सामुदायिक बन व्यवस्थित गर्ने व्यवस्था मिलाएको छ।

170. संघ र प्रदेश सरकारको समन्वय तथा सहकार्यमा जडिवुटी प्रशोधन केन्द्र स्थापना गर्ने व्यवस्था मिलाएको छु ।

171. नगरपालिका भित्रको उत्पादन र उत्पादकत्वमा बृद्धी गर्न संघ र प्रदेश सरकारको समन्वयमा क्रमशः सिचाई आयोजनाहरु संचालन गर्ने व्यवस्था मिलाएको छु ।

172. नीजि सहकारी र नगरपालिकाको संयुक्त लगानीमा जलविद्युतको संभावना भएका ठाउँको अध्ययन गरी उत्पादन गर्ने प्रक्रिया अगाडी बढाउने प्रवन्ध गरेको छु ।

173. नगरपालिकाले जलविद्युतको क्षेत्रमा लगानी गरी सबै नगरबासी घर परिवारलाई शेयर होल्डर बनाउने कार्यको थालनी गर्ने व्यवस्था मिलाएको छु ।

174. वन, जडिबुटी र जलविद्युतसँग सम्बन्धित क्रियाकलाप संचालन गर्न रु. ७५ लाख रकम विनियोजन गरेको छु ।

**(झ) उद्योग तथा खानी**

175. पी.पी.पी. मोडेल (नीजि, सहकारी र नगरपालिकाको संयुक्त लगानी) मा रोजगारी सिर्जना हुनेगरी उद्योगको स्थापना र संचालन गर्ने व्यवस्था मिलाएको छु ।

176. लगानी साझेदारी मोडेलमार्फत रुग्न उद्योगहरु संचालन गर्ने नीतिको कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

177. संघ र प्रदेशसँगको सहकार्यमा बस्तु विकास प्रक्षिण कक्ष, कोसेली घर र औधोगिक ग्राम संचालनमा ल्याइने ल्याउने व्यवस्था मिलाएको छु ।

178. रोजगारी सिर्जना हुने र किसानलाई प्रत्यक्ष मुनाफा हुनेगरी फलफूलमा आधारित उद्योग तथा बन पैदावारसँग सम्बन्धित उद्योगको क्षमता बृद्धी गर्ने व्यवस्था मिलाएको छु ।

179. संघ र प्रदेशसँगको सहकार्यमा नगरपालिकामा भएका फलाम खानी, तामा खानी र अन्य खानीहरुको उत्खनन कार्य अगाडी बढाइने व्यवस्था मिलाएको छु ।

180. उद्योग तथा खानी अन्तरगत उल्लेखित क्रियाकलाप गर्न रु. १२ लाख रकम विनियोजन गरेको छु ।

**(ञ) सूचना संचार र विद्युतिकरण**

181. नगरपालिकाका सवै सरकारी कार्यालयहरुको सेवा प्रवाह चुस्त दुरुस्त बनाउन सूचना प्रविधीमैत्री बनाइने छ । जसको लागि सबै सरकारी कार्यालयहरुमा कम्प्युटर, इन्टरनेट, CCTV, डिजिटल हाजिरी, software (डिजिटल नागरिक वडापत्र, बैठक व्यवस्थापन प्राणाली, व्यवसाय दर्ता/नविकरण प्रणाली, सिफारिस प्रणाली, अपाङ्गता परिचय पत्र) लगाएतका उपकरणहरु जडान गर्ने व्यवस्था मिलाएको छु ।

182. नगरपालिकाका सबै वडा कार्यालयहरु र सेवा केन्दहरुमा क्रमशः E-attendance र CCTV जडान गर्दै लैजने व्यवस्था मिलाएको छु ।

183. आठविसकोट नगरपालिकाका १४ वटै वडा कार्यालयमा क्रमशः fiber नेट जडान गर्ने व्यवस्था मिलाएको छु ।

184. सबै  माध्यमिक तहका सरकारी विद्यालयको  website बनाउने व्यवस्था मिलाएको छु ।
185. सबै  वडाका कर्मचारीहरुलाई लक्षित गरी सूचना प्रविधि सम्बन्धि तालिमको प्रवन्ध मिलाएको छु ।
186. सञ्चारकर्मीको पेशागत हकहित र सुरक्षाका लागि स्थानीय तहमा रहेका संचार माध्यम र संचारकर्मीहरुको क्षमता अभिवृद्धिका लागि प्रोत्साहन गर्नुका साथै विज्ञापन तथा अन्य गतिविधि प्रकाशन प्रशारण गर्न आवश्यक प्रवन्ध मिलाएको छु । जसका लागि रु ८ लाख विनियोजन गरेको छु ।
187. नगरपालिकाको समग्र आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक चिनारी सहितको पहिचान झल्काउन डिजिटल प्रोफाइल निर्माण गर्ने व्यवस्था मिलाएको छु ।
188. नेटीलेख र नयाँडाँडामा रहेको टेलिफोन टावरको क्षमता वृद्धि गरी थप नयाँ ठाउँमा समेत टेलिफोनका टावर निर्माण कार्य अगाडि बढाउने व्यवस्था मिलाएको छु ।
189. नगरपालिकाका सवै सवारी साधानहरुलाई व्यवस्थित सञ्चालन गर्न GPS जडान गरी प्रभावकारी ढङ्गले नियमन गर्ने व्यवस्था मिलाएको छु ।
190. नगरपालिकाको राडी, सिमबजार, खदी, गोतामकोट लगायतका घना बस्ती विकास भईरहेका क्षेत्रमा सौर्य बत्ती र CCTV जडान गर्ने व्यवस्था मिलाएको छु ।
191. सुचना संचार र विद्युत क्षेत्रमा उल्लेखित कार्य गर्न रु. १२ लाख  रकम विनियोजन गरेको छु ।

**(ट) न्यायिक कार्य**

192. नगरपालिका भित्रको न्यायिक कार्यलाई व्यवस्थित गर्न र छिटो छरितो न्यायिक निरुपन गर्न न्यायिक समितिको क्षमता अभिबृद्धी गर्ने व्यवस्था मिलाएको छु ।
193. न्यायिक समिमिको संस्थागत क्षमता सुधार गरी न्यायमा पहुँच कायम गर्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
194. "**ढिलो न्याय दिनु न्याय नदिनु सरह**" हो भन्ने मान्यतालाई आत्मसात गरी न्यायिक समितिबाट सम्पादन हुने न्याय सम्पादन प्रकृयालाई छिटोछरितो, निष्पक्ष र प्रभावकारी बनाईनेछ । साथै प्रत्येक वडाहरुमा गठन गरिएका मेलमिलाप केन्द्रहरुलाई प्रभावकारी  रुपमा सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु ।
195. न्यायिक कार्यसँग सम्बन्धित कार्यक्रम गर्न रु. ५ लाख  रकम विनियोजन गरेको छु ।

**(ठ) धर्म,संस्कृति, कला, साहित्य, इतिहास तथा पर्यटन**

196. सबैले  आआफ्नो गच्छे अनुसारको धर्म मान्न पाउने र विभिन्न धार्मिक समुदायका वीच सहिष्णुताको वाताबरण सिर्जना गर्ने व्यवस्था मिलाएको छु ।
197. नगरपालिका भित्रको परम्परागत धर्म, मौलिक कला, संस्कृति, साहित्य र इतिहासको संरक्षण तथा प्रवर्द्धन गर्ने व्यवस्था मिलाएको छु ।

198. लोक गीत तथा लोक नाच जस्ता परम्परागत भाका तथा शैली हाम्रा अमूल्य सम्पति भएकाले बचाइ राख्न रेकर्डिङ गर्ने व्यवस्था मिलाएको छु।

199. नगरपालिका भित्र मनाइने पर्व, मेला, जात्रा, महोत्सव जस्ता साँस्कृतिक तथा धार्मिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन र व्यवस्थापन गर्न विशेष कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

200. नगरपालिका भित्र रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पर्यटकीय संभावना बोकेका क्षेत्रको DPR तयार गरी पर्यटकीय स्थलको विकासात्मक कार्य गर्ने व्यवस्था मिलाएको छु।

201. संघ र प्रदेश सरकार समेतको समन्वयमा झारमारे, साईकुमारी, काँडा दह, सिस्ने हिमाल, सम्पेताल, नयाँडाडा, चित्रीपाटन, मैडाडा, विजारे, रातामाटा, मैराजे, बन्चरे, मौराखारा, साततले गुफा, लामकाने गुफा, कुरेपानी र ठूलाकोट दरवार क्षेत्र लगायतका पर्यटकीय स्थलमा आवश्यक पर्यटनका पूर्वाधारहरुको विकास गर्ने व्यवस्था मिलाएको छु।

202. धार्मिक महत्व बोकेका शाइकुमारी, आत्रेऋषि, बिजारे शिद्ध मन्दिर, कालिका मन्दिर तथा चर्च भवन लगाएतको संरक्षण गर्दै निर्माण कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु।

203. रामघाट मन्दिर र शाही ढुङ्गा मन्दिर क्षेत्रमा स्टोन पार्क स्थापनाका लागि आवश्यक पहल गरिएको छ।

204. मैडाडाँ, बिजारे, झारमारे, साइकुमारी, काँडा दह, सिस्ने हिमाल, चित्रीपाटन, नयाँडाडा, सुम्पे चौर, गोतामकोट हुदै छिमीसम्मको **गुरिल्ला पदमार्ग** निर्माण कार्य अगाडि बढाउने व्यवस्था मिलाएको छु।

205. संघ र प्रदेश सरकारसँग समन्वय गरी नाखिरा दारङ्गे मैनपेल्ने बारी बाटुलीपाटन घाग्रे चाल्ने गुप्तादह वारङ्गे पदमार्गको निर्माण गरी सिस्ने हिमालको मनोरम दृश्य अवलोकन गर्ने व्यवस्था मिलाएको छु।

206. धर्म, संस्कृति, कला, साहित्य, इतिहास तथा पर्यटन क्षेत्रमा उल्लेखित कार्य गर्न रु. १ करोड २० लाख रकम विनियोजन गरेको छु।

**(ड) विपद**

207. **"विपद्को सारथी नगर सरकार"** भन्ने नारालाई कार्यान्वयनमा ल्याइनेछ।

208. विपद्को उच्च जोखिमता र मनसुनजन्य विपद्लाई मध्यनजर गर्दै यस आठविसकोट नगरपालिका क्षेत्रभित्र आइपर्न सक्ने विपद्को उद्दार कार्यलाई छिटोछरितो र प्रभावकारी ढंगले संचालन गर्न चौविसै घन्टा सम्पर्क र परिचालन हुनेगरी **आपतकालीन कार्य संचालन केन्द्र (LEOC)** स्थापना गर्ने व्यवस्था गरेको छु।

209. विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन अनुकुलनसंग सम्बन्धित **"पूर्व तयारी तथा प्रतिकार्य योजना"** विपद् व्यवस्थापन कोष सञ्चालन गर्ने व्यवस्था गरेको छु।

210. विपद्को समयमा तत्काल खोज तथा उद्दार कार्यका लागि आवश्यक व्यवस्था गरेको छु।

211. भुकम्पका कारण संवेदनशिल, संकटासन्न एवं जोखिममा रहेका स्थानहरुको एकीन गरि वस्तीहरुलाई उपयुक्त ठाउँमा स्तानन्तर गर्न संघीय र प्रदेश सरकारसंग समन्वय गर्ने व्यवस्था गरेको छु।

212. आठविसकोट नगरपालिकाको विपद् जोखिमको नक्सांकन गर्ने व्यवस्था गरेको छु ।
213. विपद् सचेतना कार्यक्रम संचालन गर्ने बजेटको व्यवस्था गरेको छु ।
214. भुकम्प सम्बन्धि सचेतना तथा पुनःनिर्माण सम्बन्धि तालिमको व्यवस्था गरेको छु ।
215. विपदका लागि आवश्यक पर्ने रकम प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने व्यवस्था मिलाएको छु ।
216. उल्लेखित कार्य गर्नका लागि रु ५० लाख विनियोजन गरेको छु ।

## (ढ) सेवा प्रवाह कार्यालय संचालन तथा सुशासन र संस्थागत विकास

217. मुस्कानसहितको सार्वजनिक सेवाप्रवाह नगरपालिकाको मुलभुत आदर्श हुन् । कार्यालयमा सेवाग्राही सन्तुष्टि अवस्था अभिलेखिकरण गर्न उपयुक्त सुझाव कार्यान्वयन गर्ने सरल, सहज र नियमित रुपमा सुचना उपलब्ध गराई सुचनाको हकको प्रत्याभूति गराउने व्यवस्था मिलाएको छ ।
218. पारदर्शिता र जन उत्तरदायित्व एवम् सुशासन प्रवर्द्धनका लागि नगर कार्यपालिकाको कार्यालय र सो मातहतका सबै निकायले त्रैमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाइएको छ ।
219. नगरपालिका र मातहतका वडा कार्यालयहरुको नाममा रहेका सम्पूर्ण जग्गा जमिन, भवन, सवारी साधन र अन्य भौतिक सम्पत्तीहरुको एकिकृत विवरण तयार गरी सरकारी सम्पत्ति संरक्षण गर्ने व्यवस्था मिलाइएको छ ।
220. नगरपालिकाका रणनीतिक महत्वका आयोजनाहरुको पूर्व सम्भाव्यता अध्ययन सहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने र संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा यस अघि नै सहित विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएका आयोजनाहरुको निर्माण कार्य अघि बढाउने व्यवस्था मिलाएको छु ।
221. अन्धाधुन्दा बजेट विनियोजन हुने प्रवृत्तिलाई अन्त्य गर्न मागको आधारमा नभई आवश्यक्ताको आधारमा बजेट विनियोजन गर्ने नीति अख्तियार गर्दै साना र प्रतिफल नदिने, फजुल खर्च हुने आयोजनाहरुमा बजेट विनियोजन नगर्ने र लगानी गर्दा प्रतिफल प्राप्त हुने कुरालाई सुनिश्चित गर्ने व्यवस्था मिलाएको छु ।
222. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागिता तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु । वडा स्तरीय एवम् नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको दक्षता अभिवृद्धिको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
223. नगरपालिकाको कार्यसम्पादनलाई छिटो छरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइने छ । सिर्जनशीलतालाई प्रोत्साहन, उत्कृष्टलाई पुरस्कार र खरावलाई दण्डको मान्यता अनुरुप उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक, शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिलाई पुरुस्कृत गर्ने प्रवन्ध गरिएको छ । कार्यसम्पादनलाई परिणाममुखी बनाउन कार्यसम्पादन करार सम्झौता गरी सुचकहरुको आधारमा मुल्याङ्कन गर्ने व्यवस्था मिलाएको छु ।

224. सर्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय परिणाममुखी चुस्त दुरुस्त, छिटोछरितो पारदर्शी र अनुमानयोग्य बनाउन नगरपालिका तथा वडा कार्यालयहरुलाई थप व्यवस्थित बनाई सेवा प्रवाहलाई सहज बनाउने व्यवस्था मिलाएको छु।

225. जन प्रतिनिधि तथा स्थानीय सरकार अन्तरगत काम गर्ने कर्मचारी, नगर प्रहरी, शिक्षक सबैलाई कार्यसम्पादन, जनसम्बन्ध, प्रशासन लागयतका विषयमा तालिम दिने, अनुगमन गर्ने, दण्ड र पुरुस्कारको व्यवस्था गर्ने, मासिक समिक्षा तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाएको छु।

226. स्थानीय तहको संस्थागत क्षमता स्व:मूल्याङ्कन पद्धति, नमूना कार्यालय मापदण्ड, आन्तरिक नियन्त्रण प्रणाली लगायतका कार्यसम्पादनस्तर मापन गर्न विकास गरिएका प्रणाली र कानुनी व्यवस्थाहरुको कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

227. नगरपालिकाले निर्माण गरेका कानुनहरुको समयानुसार संशोधन तथा पुनरावलोकन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

228. नगरपालिकाको संगठन संरचना र दरबन्दी विवरण अनुसार कर्मचारीको व्यवस्था गर्न यस नगरपालिकाको कार्य प्रकृति र कार्य बोझ तथ औचित्यताको आधारमा आवश्यक पर्ने जनशक्ति आँकलन सम्बन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परिक्षण कार्य गर्ने व्यवस्था मिलाएको छु।

229. आठविसकोट नगरपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने गैरसरकारी संघ संस्थाहरुले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रुपमा नगर कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था मिलाएको छु।

230. संघिय तथा प्रदेश सरकार एवम् विभिन्न गैरसरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा भुकम्पीय तथा अन्य विपद तयारी, पुनर्स्थापना पुनर्निर्माणका कार्यहरु गर्ने व्यवस्था मिलाएको छु ।

231. शान्ति सुरक्षालाई थप मजबुद बनाउन नगरपालिकाको क्षेत्राधिकारका कार्यक्रम कार्यान्वयनमा नगर प्रहरीको भूमिका महत्वपूर्ण हुन्छ । नागरिक सुरक्षा न्यायिक समितिका निर्णय कार्यान्वयन सार्वजनिक सम्पत्तिको सुरक्षा तथा विपद व्यवस्थापन र विकास निर्माणमा नगर प्रहरी परिचालन गर्ने व्यवस्था मिलाएको छु।

232. आन्तरिक राजस्वको दायरा फराकिलो गरि राजस्वको विविधिकरण एवम् विस्तारीकरणमा जोड दिइनेछ। प्रगतिशील करको सिद्वान्त अनुसार करको दर र दायरा निर्धारिण हुने निति कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु। एम्बुलेन्स, स्काभेटर, व्याक हो लोडर, टिप्पर सञ्चालन कोष स्थापना गरी व्यवस्थित गर्ने व्यवस्था मिलाएको छु ।

233. स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) को राजस्व मोड्युलबाट राजस्व संकलन दाखिला तथा प्रतिवेदन गर्ने व्यवस्थालाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ । करको महत्व र उपयोगिताबारे जानकारी गराई आन्तरिक राजस्व संकलन कार्यमा सहजता ल्याउन यस नगरपालिकाका १४

वटै वडाहरुमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। करदाता पोर्टलको बारेमा जानकारी गराई लगती राजस्व करदाताले घरैबाट तिर्ने व्यवस्था मिलाउने प्रवन्ध गरेको छु।

234. यस नगरपालिकामा गठन भएका महिला, दलित तथा अन्य लक्षित वर्ग विशेषको समूह, सहकारी तथा संस्था दर्ता नविकरणमा ५० प्रतिशत छुट दिने गत आर्थिक वर्षको नीतिलाई निरन्तरता दिदै नगरपालिका क्षेत्रमा मदिराजन्य पदार्थको कारोवारलाई करको दायरामा ल्याउने व्यवस्था मिलाएको छु।

235. नगरपालिका क्षेत्रमा भएका नदी, खोला नाला र खानी तथा नीजि जग्गाहरुबाट भईरहेको नदी तथा खानीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, प्राकृतिक स्रोत, जीवजन्तु तथा जडिबुटीको अनियन्त्रित दोहन र चोरी निकासीलाई प्रचलित कानुन बमोजिम कार्यविधी बनाई करको दायरामा ल्याउने व्यवस्था मिलाएको छु। नदि तथा खानिजन्य पदार्थमा लाग्ने दहत्तर बहत्तर कर लगायतका आन्तरिक राजस्व संकलनमा नगर प्रहरीलाई समेत जिम्मेवार रुपले थप क्रियाशिलता बनाई परिचालन गर्ने व्यवस्था मिलाएको छु।

236. यस नगरपालिकाले भू उपयोग नीति लागू गरिसकेको हुँदा नगरपालिका क्षेत्रका घरजग्गाहरुको भू उपयोग नीतिको आधारमा वर्गीकरण गरी विगतमा यस नगरपालिकाबाट कायम गरिएको घरजग्गाको मूल्याङ्कन परिमार्जन गरि भूमि तथा मालपोत कर संकलन कार्यलाई व्यवस्थित गर्ने व्यवस्था मिलाएको छु।

237. जाजरकोट भुकम्पका कारण करदातामा परेको असरलाई मध्येनजर गर्दै सम्पत्ति करमा २५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु। करदाताहरुको विवरण अद्यावधिक गरि नियमित रुपमा कर तिर्ने करदातालाई सम्मान गर्ने व्यवस्था मिलाएको छु।

238. आन्तरिक र अन्तिम लेखा परिक्षण कार्य प्रभावकारी रुपमा गराउने र समयमा नै बेरुजु फछर्यौट गर्ने कार्यलाई कडाइका साथ लागु गर्ने व्यवस्था मिलाएको छु।

239. नगरपालिका क्षेत्रमा निर्माण हुने घरहरुको अनिवार्य नक्सापास गर्ने र नक्सापास नगरी निर्माण भएका घरहरुको अभिलेखिकरण गरि घरहरुको तथ्याङ्क अद्यावधिक गर्ने व्यवस्था मिलाएको छु। नगरपालिका क्षेत्रमा घर तथा जग्गा वहालमा दिएका घर तथा जग्गा धनीहरुको विवरण संकलन गरी करको दायरामा ल्याउन कार्यलाई कडाईका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

240. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोष कार्यक्रममा आवद्ध गर्ने व्यवस्था मिलाएको छु।

241. सुशासन र संस्थागत विकास सम्बन्धी उल्लेखित कार्य गर्न रु. १७ करोड १७ लाख रकमको विनियोजन गरेको छु।

**(ण) समन्वय तथा सहकार्य**

242. सामाजिक र भौतिक विकासमा टेवा पुग्नेगरी यस नगरपालिकामा कार्यक्षेत्र बनाएका गैर सरकारी संस्थाहरुको काममा दोहोरो नपर्नेगरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

243. समग्र नगरपालिकाको विकासका लागि संघ, प्रदेश सरकारका कार्यालयहरु तथा अन्य गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।

244. नगरपालिकाको समग्र विकासमा सप्रोस नेपाल, पहाडी क्षेत्र विकास अभियान जाजरकोट , आइओएम नेपाल, रुकुमेली समाज विकास केन्द्र, पाँच तारा युवा संरक्षण मञ्च जाजरकोट, सिएमसी नेपाल, वन हर्ट वर्डवाइज, टिपिओ नेपाल, पास नेपाल, ओरेक नेपाल, असल छिमेकी पोखरा, हेल्भेटास नेपाल, जनजागरण मञ्च, सोसेक नेपाल, शान्ती नेपाल लगायतका साझेदार संस्थाहरुलाई समन्वयात्मक परिचालन गरिने व्यवस्था मिलाएको छु ।

245. समन्वय तथा सहकार्यसँग सम्बन्धी कार्य गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**(त) वडागत विनियोजन :**

246. संघीयताको आधारभूत अभ्यास स्वरुपको कार्य गर्ने वडा सरकार नै भएकाले पूर्वाधार विकास निर्माण लगायतका कार्यक्रम र योजना निर्माण गर्न वडागत रकम विनियोजन गरिएको छ ।

247. यस कार्यका लागि रु १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

**(थ) क्रमागत आयोजनाको भुक्तानी :**

248. नगरपालिका भित्रका भुक्तानी हुन बाँकी रहेका क्रमागत आयोजनाहरु सम्पन्न गर्न रु ४ करोड ५० लाख विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

249. अब म, माथि प्रस्तुत गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको विनियोजन र स्रोत व्यवस्थाको अनुमान सम्बन्धी योजना पेश गर्दछु ।

250. आगामी आर्थिक वर्षको लागि **रू. ७२ करोड ७६ लाख ६१ हजार ३१ रुपैया** मात्र विनियोजन गरेको छु । कुल विनियोजन मध्ये **चालुतर्फ ४३ करोड २३ लाख** ६७ हजार मात्र अर्थात ५९.४२ **प्रतिशत** र पुँजीगततर्फ **२९ करोड ५२ लाख ९४ हजार ३१ रुपैया** मात्र अर्थात ४०.५८ **प्रतिशत** रहेको छ ।

251. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट **रू. २ करोड ५० लाख** अर्थात **३.४३ प्रतिशत**, संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट **रू. १० करोड ९० लाख** अर्थात् **१४.**९८ **प्रतिशत**, संघीय सःशर्त अनुदानबाट (चालु) रू.

**२४ करोड ३८** लाख ५२ हजार अर्थात् **३३.५१** प्रतिशत, संघीय सःशर्त अनुदानबाट (पूँजीगत) **रू. ७ करोड ६८ लाख १० हजार** अर्थात **१०.५५ प्रतिशत**, संघीय सरकार राजश्व वाँडफाँटबाट **रु १४ करोड २० लाख** अर्थात् **१९.५८ प्रतिशत**, संघीय समपूरक अनुदानबाट **रु ५० लाख** अर्थात् **०.६८ प्रतिशत**, संघीय विशेष अनुदानबाट **रु १ करोड १५ लाख** अर्थात् **२.०६ प्रतिशत**, प्रदेश सरकार वित्तिय समानीकरण अनुदान **रु १ करोड २१ लाख ५८ हजार** अर्थात **१.६७ प्रतिशत**, प्रदेश राजश्व वाँडफाँटबाट **रु ३८ लाख २६ हजार ३१ रुपैया** मात्र **अर्थात् ०.५२** प्रतिशत, प्रदेश सरकार स:शर्त अनुदानबाट (चालु) **रु ३३ लाख १५ हजार अर्थात् ०.४५** प्रतिशत, प्रदेश सरकार स:शर्त अनुदानबाट(पुँजीगत) **रु ०९ करोड ०२ लाख अर्थात् १२.३९** प्रतिशत, प्रदेश सरकार समपूरक अनुदानबाट **रु ५० लाख** अर्थात् **०.६८ प्रतिशत** खर्च व्यहोर्ने प्रक्षेपण गरेको छु ।

**अध्यक्ष महोदय,**

252. आर्थिक वर्ष २०८१/८२ का लागि आन्तरिक राजश्व परिचालन गर्न निम्नानुसारका कार्य गरिने छन् :–
253. यस नगरपालिकाको भू उपयोग नीति अनुसार नगरपालिका क्षेत्रका घर जग्गाहरुको भू उपयोग नीतिको आधारमा वर्गीकरण गरी विगतमा यस नगरपालिकाबाट कायम गरिएको घरजग्गाको मूल्याङ्कन परिमार्जन गरि लागू गरिनेछ।
254. जाजरकोट भुकम्पका कारण करदातामा परेको असरलाई मध्येनजर गर्दै नगरपालिका क्षेत्रका करदाताहरुले २०८१ असोज मसान्तभित्र मालपोत तथा सम्पत्ति कर बुझाएमा सम्पत्ति करमा मात्र ५० प्रतिशत छुट दिने व्यवस्था मिलाइनेछ । लक्षित वर्गका समूह, संस्था दर्ता/नविकरणमा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिइनेछ ।
255. नगरपालिका क्षेत्रमा आन्तरिक राजस्व संकलनका लागि स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) कार्यान्वयनलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।
256. नगर प्रहरी समेत परिचालन गरि सबै वडाहरुमा करदाता शिक्षालाई व्यापक रुपमा फैलाउँदै कर सम्बन्धी सचेतनाको विकास गरिनेछ।
257. नगरपालिका क्षेत्रमा रहेका खोला, नदी तथा खानीहरुबाट संकलन गरिने ढुङ्गा, गिट्टी तथा वालुवामा लाग्ने दहत्तर/ बहत्तर कर संकलन कार्यलाई कडाइका साथ लागू गरिनेछ।

258. राजश्व परिचालन नीति सम्बन्धी उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिनेछन्:-

(क) राजश्व व्यवस्थापन सूचना प्रणालीलाई कडाइका साथ लागू गरि अनलाईन मार्फत मात्र राजश्व संकलन गर्ने व्यवस्था मिलाईनेछ। यसका लागि नेपाल सरकार महालेखा नियन्त्रकको कार्यालयबाट विकास गरिएको SUTRA को राजश्व मोडल प्रयोग गरी नगरपालिकाको कार्यालय र सबै वडा कार्यालयबाट राजश्व संकलन गर्ने व्यवस्था मिलाइने छ।

(ख) करदाता पोर्टलको व्यापक प्रचार प्रसार गरि घरैबाट राजस्व तिर्ने व्यवस्था मिलाईने छ। करदाताले मोबाइल बैंकिङ सेवा, इन्टरनेट बैंक, QR कोड तथा विभिन्न वैधानिक वालेटहरुबाट पनि कर तिर्ने तथा दाखिला गर्न सक्ने गरि आवश्यक व्यवस्था मिलाइनेछ।

(ग) सार्वजनिक सेवा र राजश्वविचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट वञ्चित गराउने एवम् कुनै पनि उपभोक्ता समिति, समूह, सहकारीमा कामकाज गर्न वा सदस्य हुन अयोग्य ठहरिने गरी आवश्यक व्यवस्था मिलाइने छ।

(घ)करको दरभन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ ।

259. यो बजेट तथा कार्यक्रम निर्माणमा बिशेष मार्गदर्शन गर्नुहुने नेपाल सरकारका पूर्व अर्थमन्त्री माननीय श्री जनार्दन शर्मा (प्रभाकर)ज्यू, कर्णाली प्रदेश सरकारका पूर्व मुख्यमन्त्री माननीय राज कुमार शर्मा ज्यू, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय महेन्द्र के.सी., कर्णाली प्रदेश सरकारका पूर्व मन्त्री रातो कामी र आठविसकोट नगरपालिकाको सम्वृद्धिमा अहोरात्र खटिइरहनु भएका पूर्व नगर प्रमुख श्री गोर्खबहादुर केसी, नगरपालिकाका भित्रका विभिन्न राजनैतिक दल र दल निकट विभिन्न भातृ सङ्गठन, स्थानीय बुद्दिजीवि, व्यापारी, पत्रकार शिक्षक विद्यार्थी लगायत सबैलाई यस अवसरमा नगरवासीको तर्फबाट हार्दिक आभार ब्यक्त गर्दछु ।

260. अन्त्यमा, नगरपालिकाको समृद्धि, विकास र उन्नतीमा निरन्तर सहयोग गर्ने, सद्भाव राख्ने आम नागरिक, करदाता, सरकारी/गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सकारात्मक सहयोग हुनेछ भन्ने अपेक्षा गर्दछु।

मिति : २०८१/०३/१० गते

----------------- धन्यबाद -------------